# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०९ संख्याः ०४ मितिः २०८२।११।०१

## भाग-२

**सम्बत् २०८२ सालको कार्यविधि नं. २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको **"माछापुच्छ्रे गाउँपालिकामा हलगोरु पाल्ने किसानलाई अनुदान सम्बन्धी कार्यविधि २०८२"** सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# माछापुच्छ्रे गाउँपालिकाको हलगोरु पाल्ने किसानलाई अनुदान सम्बन्धी कार्यविधि,२०८२

**प्रस्तावना:** यस माछापुच्छ्रे गाउँपलिका भित्रका गोरुपालक कृषकलाई थप उत्साहित गरी कृषिजन्य उत्पादनमा वृद्धि गरी माछापुच्छ्रे गाउँपालिका लाई कृषिमा आत्मनिर्भर गराई बाँझो रहेका खेतीयोग्य जमिन लाई पुनःप्रयोगमा ल्याई उत्पादनमा वृद्धि गरी निर्यात गर्ने उद्देश्यका साथै व्यवसायिक रुपमा गोरु पालन गरी अरुको खेतबारी खनजोत गरी आफ्नो जीविका चलाउँदै आएका कृषकलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र माछापुच्छ्रे गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "माछापुच्छ्रे गाउँपालिकामा हलगोरु पाल्ने किसानलाई अनुदान सम्बन्धी कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको दिन देखी लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कार्यालय"** भन्नाले माछापुच्छ्रे गाउँ कार्यपालिकाको कार्यालय लाहाचोक, कास्कीलाई सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले गोरुद्वारा खनजोत गरि खेतीपाती गर्ने उद्देश्यका साथ गोरू पाल्ने कृषकलाई प्रोत्साहन स्वरूप दिइने अनुदान कार्यक्रम सम्झनु पर्छ।

(ग) **"शाखा"** भन्नाले माछापुच्छ्रे गाउँपालिका पशु सेवा शाखालाई सम्झनु पर्छ।

(घ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठन हुने समिति सम्झनु पर्छ।

(ङ) **"गोरु"** भन्नाले खेतबारीमा जोत्न योग्य स्थानीय जातको गोरूलाई सम्झनुपर्छ।

३. **कार्यक्रम सञ्चालन गरिने क्षेत्रः (१) यस** कार्यक्रम माछापुच्छ्रे गाउँपालिका अन्तर्गतका सम्पुर्ण वडाहरुमा सञ्चालन गरिनेछ।

४. **कार्यक्रम संचालन प्रक्रियाः (१)** माछापुच्छ्रे गाउँपालिकाको कार्यालयले कार्यक्रमको प्रस्ताव सम्बन्धी सुचना अनुसुची-१ बमोजिम कम्तिमा १५(पन्ध्र) दिनको म्याद राखी सुचना प्रकाशन गर्नुपर्नेछ र सो सुचना गाउँपालिकाको कार्यालय, पशु सेवा केन्द्र तथा वडा कार्यालयमा समेत टाँस गर्नुपर्नेछ।

(२) कार्यालयबाट प्रकाशन भएको सुचना बमोजिम निवेदकले अनुसूची-२ बमोजिम निवेदन माछापुच्छ्रे गाउँपालिका पशु सेवा शाखा, पशु सेवा केन्द्र तथा वडाहरुमा दर्ता गराउन सक्नेछन्।

(३) दर्ता भएका कृषकको छनौट यसै कार्यविधि बमोजिम गठन भएको समितिले गर्नेछ।

(४) निश्चित मापदण्ड पुगेका साथै समितिबाट छनोट भएका लाभग्राहीलाई प्रदान गरिने अनुदान रकम सोझै लाभग्राहीको बैंक खातामा भुक्तानी गरिनेछ।

(५) अनुदान रकम माछापुच्छ्रे गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

(६) माछापुच्छ्रे गाउँपालिकाको गाउँसभाद्वारा विनियोजन गरी स्वीकृत गरिएको रकमको परिधिभित्र रही अनुदानका लागि सिफारिस भएका गोरूपालक कृषकलाई प्रोत्साहन स्वरूप अनुसूची-३ बमोजिमको सम्झौताका आधारमा अनुदान रकम वितरण गरिनेछ।

(७) गाउँपालिकाबाट उपलब्ध गराईने अनुदान रकम हलगोरूका लागि बढीमा रू १०,०००/-(दस हजार रुपैया) र एक मात्र गोरुका लागि रू ५,०००/- (पाँच हजार रुपैया) सम्म प्रदान गरिनेछ।

५. **कृषक छनोटको आधार तथा मापदण्डः** (१) कृषक छनोटको आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछ।

क) पशुपालन व्यवसायलाई अंगाल्न सक्ने अभिरूचि भएको,
ख) खेतबारी खनजोत गर्ने काम गोरुद्वारा गर्ने किसान हुनु पर्नेछ,
ग) सुचना प्रकाशन हुनु भन्दा कम्तिमा ६ महिना अगाडि बाटै गोरु पालेको हुनु पर्नेछ,
घ) कुनै पनि निकायबाट हाते टयाक्टर अनुदानको रुपमा नलिएको एवं दोहोरो सुविधा नलिएको अनुसूची-४ बमोजिम स्व-घोषणा गरेको हुनु पर्नेछ,
ङ) गोरुको उमेर तीन वर्ष भन्दा माथि हुनु पर्नेछ,
च) एक लाभग्राहीले अनुदान रकम बढीमा दुई हल गोरुका लागी (४ ओटा सम्मलाई) मात्र प्राप्त गर्न सकिनेछ,
छ) आफ्नो खेतबारी मात्र नभई अरूको खेतबारी जोत्ने प्रयोजनका लागि व्यवसायिक रूपमा गोरू पालन गर्दै आएको कृषकलाई थप प्राथमिकता दिइनेछ,
**ज)** अनुदान प्राप्त गर्ने लाभग्राहीले गोरुको माध्यमबाट खनजोत गरी खेतिपाति गर्दै आएको भनी सम्बन्धित वडाको पशु प्राविधिकको रोहवरमा वडा कार्यालयको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ।

६. **छनोट तथा कार्यक्रम कार्यन्वयन समितिः (१)** यस कार्यक्रमको कार्यान्वयन तथा कृषक छनोट गर्न देहाय बमोजिमको एक छनोट तथा कार्यक्रम कार्यान्वयन समिति गठन हुनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| (ग) आर्थिक विकास समिति संयोजक | - सदस्यद |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ङ) सम्बन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| (च) कृषि शाखा प्रमुख | - सदस्य |
| (छ) पशु सेवा शाखा प्रमुख | - सदस्य सचिव |

७. **अनुगमन सम्बन्धी व्यवस्थाः (१)** यस कार्यक्रमको अनुगमन गाउँपालिकाको कार्यक्रम कार्यन्वयन समिति, अनुगमन समिति, वडा समिति र सम्बन्धित विषयगत शाखाले गर्नेछन्।

८. **थपघट वा हेरफेर गर्न सक्नेः (१)** यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन माछापुच्छ्रे गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ।

९. **बाधा अडकाउ फुकाउः (१)** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा समितिले निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ।

**अनुसुची-१**

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

**अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

**माछापुच्छ्रे गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**लाहाचोक, कास्की**

**अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान सम्बन्धी सुचना**

सुचना प्रकाशित मितिः.......................

माछापुच्छ्रे गाउँपालिका, पशु सेवा शाखाको आ.व २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस माछापुच्छ्रे गाउँपालिका भित्रका गोरु पाल्ने किसानलाई प्रोत्साहन स्वरूप अनुदान रकम वितरण कार्यक्रम सञ्चालन गरिने भएको हुँदा ईच्छुक कृषकहरुले यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्रमा तपसिल बमोजिमको कागजात सहित निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः

क) नेपाली नागरिकताको प्रतिलिपी,

ख) कुनै पनि सरकारी कार्यालयबाट हाते टयाक्टर नलिएको स्वघोषणा-पत्र,

ग) सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र,

घ) अनुदान रकम प्राप्त गर्ने गोरूको प्रष्ट देखिने खालको फोटो एक प्रति,

ङ) "प्रोत्साहन स्वरुप अनुदान रकम पाउँ" भनी सम्पर्क नम्बर सहितको निवेदन,

च) गोरुपालन गरी गोरुकै माध्यमबाट खेतिपाति गर्दै आएको भनी ४ जना छिमेकी/वडाबासीको हस्ताक्षर गरिएको सर्जमिन मुचुल्का ।

**नोटः** निवेदन दिने अन्तिम दिनमा सार्वजनिक बिदा परेको खण्डमा भोलिपल्ट कार्यालय समय भित्र निवेदन पेश गर्न सकिनेछ।

...............................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची-२

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

### कृषकको निवेदनको ढाँचा

मितिः.................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
लाहाचोक, कास्की,

विषयः प्रोत्साहन स्वरुप अनुदान पाउँ ।

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयको मिति २०८२.....................को सुचना अनुसार गोरू पाल्ने कृषकको लागि अनुदान रकम वितरणका लागि प्रस्ताव आव्हान भएको हुँदा मैले विगत ..........देखी खेतबारी जोत्ने प्रयोजनका लागि गोरू पाल्दै आएको हुँदा उक्त कार्यक्रममा समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दै आवश्यक कागजात समेत यसै निवेदनका साथ संलग्न राखी यो निवेदन पेश गरेको छु।

**तपसिलः**

क) नेपाली नागरिकताको प्रतिलिपी।

ख) कुनै पनि सरकारी कार्यालयबाट हाते टयाक्टर नलिएको स्वघोषणा-पत्र।

ग) सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र।

घ) स्पष्ट देखिने खालको गोरूको फोटो एक प्रति।

ङ) गोरुपालन गरी गोरुकै माध्यमबाट खेतिपाति गर्दै आएको भनी ४ जना छिमेकी/वडाबासीको हस्ताक्षर गरिएको सर्जमिन मुचुल्का।

<u>**निवेदक**</u>

नामः
ठेगानाः
सम्पर्क नः
दस्तखतः

## अनुसूची-३

(दफा ४ को उपदफा ७ सँग सम्बन्धित)

**छनौट भएका लाभग्राहीसँग गरिने सम्झौता**

माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पशुसेवा शाखाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गोरु पालक कृषकलाई प्रोत्साहन स्वरूप अनुदान रकम वितरण कार्यक्रम सञ्चालन गर्न श्री माछापुच्छ्रे गाउँपालिकाको कार्यालय ,लाहाचोक (यसपछि प्रथम पक्ष भनिने) र श्री ........................... ....................... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्तहरु पालना गर्ने गरी द्विपक्षीय सम्झौता गरी लियौं/दियौं।

तपसिलः

१. गोरु पालक कृषकलाई प्रोत्साहन स्वरूप अनुदान कार्यक्रमको लागि प्रति गोरू बढीमा रु ५,०००/- सम्म दिन सकिने छ। यसरी दिइने अनुदान बढीमा प्रति कृषक दुई हल गोरुको लागी मात्र हुने गरी भुक्तानी गरिनेछ।

२. दोश्रो पक्षले प्रथम पक्षको स्वीकृत गरेको मापदण्ड/नर्म्सको अधिनमा रही निवेदन पेश गरेको हुनु पर्नेछ।

३. दोश्रो पक्षले आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षलाइ एकमुष्ठ भुक्तानी दिइनेछ।

४. कार्यक्रम सञ्चालनको क्रममा कुनै विवाद आएमा दुबै पक्षको आपसी समझदारीमा समाधान गरिनेछ। सहमति हुने नसकेमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ।

५. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह सुझाव प्रदान गर्न सक्नेछ ।

६. प्रोत्साहन स्वरुप अनुदान रकम प्राप्त गर्ने कृषकले कम्तिमा २ बर्षसम्म गोरू पालन गर्नु पर्नेछ।

७. अनुदान रकम प्राप्त गर्ने कृषकले पेश गरेको कागजात र विवरण गलत रहेको पाईएमा निजले प्राप्त गरेको अनुदान रकम फिर्ता गर्नु पर्नेछ।

**दोस्रो पक्षको तर्फबाट**

हस्ताक्षर

नामः

ठेगानाः

**प्रथम पक्षको तर्फबाट**

हस्ताक्षर

नामः

पदः

कार्यालयको छाप

रोहवर

हस्ताक्षरः-

नामः-

पदः-

सम्झौता मितिः-

**अनुसुची-४**

(दफा ५ को उपदफा १ खण्ड घ सँग सम्बन्धित)

**<u>समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा-पत्र</u>**

**मितिः**

.....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

लाहाचोक, कास्की ।

**बिषयः समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा सम्बन्धमा।**

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८२/१०/११ को सूचना अनुसार गोरु पाल्ने कृषकहरुका लागी प्रोत्साहन स्वरुप अनुदान रकम वितरण गर्न निवेदन माग भै आएको हुँदा म माछापुच्छ्रे गाउँपालिका, वडा नम्बर ....... निवासी कृषक...................................ले बिगत ३ बर्ष यता कुनैपनि संघ संस्था एवम् निकायबाट टयाक्टर लगायत समान प्रकृतिको अनुदान नलिएको स्व-घोषणा गर्दछु।

...........................

**आज्ञाले**

**(केशव सुवेदी)**

**प्रमुख प्रशासकीय अधिकृत**